नेपाल सरकार
गृह मन्त्रालय

☎ 023-452125,452166
Email daojhapa@moha.gov.np,
dao.jhapa@gmail.com
Website : daojhapa.moha.gov.np

जिल्ला प्रशासन कार्यालय

सदरमुकाम झापा

झापा

प्रेस विज्ञप्ति

झापा जिल्ला बुद्धशान्ति गाउँपालिका वडा नं. ३, बुधबारे बजारमा रहेको संजीवनी कृषि भण्डार र सोही वडाको ७ नं. चोकमा रहेको न्यू कञ्चन कृषि सहकारी संस्थाले नेपाल सरकारबाट अनुदानित रासायनिक मल अनधिकृत बिक्री वितरण गरेको भन्ने गोप्य सूचनाको आधारमा आज मिति २०८३ साल मंसिर १० गते जिल्ला प्रशासन कार्यालय, झापाका सहायक प्रमुख जिल्ला अधिकारी सहदेव रायमाझीको संयोजकत्वमा कृषि ज्ञान केन्द्र, झापाका प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि एवम् जनप्रतिनिधि र उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि सहितको टोलीले आकस्मिक अनुगमन गर्दा संजीवनी कृषि भण्डार, बुधबारे बजारले मिति २०८३/०८/०८ मा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, बिर्तामोडबाट खरिद गरेको नेपाल सरकारको अनुदानको रासायनिक मल २३० बोरा (युरिया-१७० बोरा र डिएपी-६० बोरा) साथै कृषि सामग्री कम्पनी लिमिटेड, बिर्तामोडबाट मिति २०८३/०८/०९ मा खरिद गरेको रासायनिक मल डिएपी-१७० बोरा गरी कुल रासायनिक मल ४०० बोरा (युरिया- १७० बोरा र डिएपी २३० बोरा) मध्ये २४१ बोरा रासायनिक मल (१२१ बोरा डिएपी र १२० बोरा युरिया) गोदाममा रहेको देखिएको र बाँकी **१५९ बोरा (१०९ बोरा डिएपी र ५० बोरा युरिया)** रासायनिक मलको मौज्दात र बिक्री विवरण पेश गर्न नसकी नेपाल सरकारबाट अनुदानित रासायनिक मलको बिक्री वितरणको तोकिएका शर्त विपरित भएको पाइएको हुनाले उक्त संजीवनी कृषि भण्डारलाई उपभोक्ता हित संरक्षण ऐन बमोजिम तत्काले २,००,०००/- (अक्षरेपी दुई लाख मात्र) जरिवाना गरी कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको । साथै अनुगमन गरिएको न्यू कञ्चन कृषि सहकारी संस्थाको रासायनिक मल खरिद बिक्री र मौज्दातको विवरण दुरूस्त पाइएको बेहोरा सरोकारवालाको जानकारीका लागि अनुरोध छ।

२०८३ मंसिर १० गते

प्रमुख जिल्ला अधिकारी

झापा

प्रमुख जिल्ला अधिकारी